"समन्वयमा आधारित खोटेहाङ , दीगो विकास र समृद्धी हाम्रो अभियान"

# आर्थिक वर्ष २०७६।७७ को
# वार्षिक बजेट

**खोटेहाङ गाउँपालिका**
**खोटाङ**
**१ नं. प्रदेश, नेपाल**

गाउँसभामा प्रस्तुत मिति : २०७६ असार २३

# खोटेहाङ गाउँपालिका उपाध्यक्ष श्री कविता राईज्यूद्वारा प्रस्तुत आ.व. २०७६।७७ को बजेट

**सभाध्यक्ष श्री प्रदिप राईज्यू**
**गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु,**

यस गाउँपालिकाको उपाध्यक्ष एवम बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले स्थानीय सरकारको जिम्मेवारी सम्हाले पछिको यस पाँचौ गाउँ सभामा आ.व. २०७६।०७७ को बजेट प्रस्तुत गर्न पाउँदा निकै हर्षित भएको छु ।
देश र जनताको खातिर ज्यानको आहुति दिने महान सहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । जनआन्दोलनका घाइतेहरु, द्वन्दपीडितहरु तथा देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न अहम भूमिका खेल्ने अग्रज सम्पूर्ण नेतृत्वहरु र ज्ञात अज्ञात व्यक्तित्वहरुलाई विशेष स्मरण गर्न चाहन्छु ।
गाउँपालिकाका जनताले खोटेहाङको विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि लिएको विश्वास र देखेको सपनालाई साकार रुप दिनु हामीले आफनो कर्तव्य र जिम्मेवारी ठानेका छौं । गाउँसरकारले तय गरेको ***“समन्वयमा आधारित खोटेहाङ, दीगो विकास र समृद्धि हाम्रो अभियान”*** भन्ने मुल नारा को मर्म अनुसार जिम्मेवार पदाधिकारीहरुको आपसि छलफलको माध्यमबाट हरेक विषय वस्तुलाई समन्वय गर्दै, सहकार्य र सहमतिका आधारमा एकताबद्ध गरि काम गर्ने संस्कार, संस्कृती, विधि र पद्धति अपनाईनेछ । खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका स्रोतहरु उल्लेख गरि यो बजेट बनाएको छु । नीति र कार्यक्रम बमोजिम स्थानीय सरकारले ल्याएका कार्यक्रमहरुको प्राथमिकीकरण बजेटमा गरिएको छ । मौलिक हकको प्रभावकारी कार्यान्वयन, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु र स्थानीय आवश्यकता बजेट मार्फत सम्वोधन गरिएको छ ।
आगामी आ.व.को बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान र कानूनहरु,यस गाउँपालिकाको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम, १५ औं आवधिक योजना, राजश्व परामर्श समितिको प्रतिवेदन, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयलाई मुख्य आधार बनाएको छु । यसै गरि प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी कानूनहरु, मार्गदर्शन, प्रदेश सरकारका कानून र मार्गदर्शनलाई समेत आधार बनाएको छु ।
आगामी आ.व.को बजेट तर्जुमा गर्दा हाल सम्म हासिल भएका उपलव्धिहरु संस्थागत गर्दै समान अधिकार , अवसर, स्रोत साधनको न्यायोचित वितरण र सामाजिक सूरक्षामा विशेष ध्यान दिएको छु । उत्पादनमा सामुहिकताको विकास गरि आर्थिक ,सामाजिक असमानता हटाउन यो बजेट केन्द्रित गरेको छु ।

## सभाध्यक्ष महोदयः-

आगामी आर्थिक वर्षको लागि संघीय सरकारबाट यस गाउँपालिकालाई वित्तीय समानिकरण अनुदान वापत **रु. ९ करोड २९ लाख,** राजस्व बाँडफाँड अन्तर्गत **रु. ७ करोड ६२ लाख** र सशर्त अनुदान वापत **रु. १७ करोड ९७ लाख** गरी जम्मा **३४ करोड अठासि लाख** प्राप्त भएको छ । त्यसै गरी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान बापत **रु. ६९ लाख ९० हजार,** सवारी कर वाँडफाँडबाट **रु ६८ लाख** प्राप्त भएको छ । गाउँपालिकाको आगामी आ.व.को लागि आन्तरिक आम्दानी **रु. २९ लाख**

**५९ हजार तीन सय पचास** अनुमान गरिएको छ । यसरी आगामी आ. व.को लागि कूल अनुमानित आय रकम **रु. ३६ करोड ५५ लाख ४९ हजार तिन सय पचास** रहेको व्यहोरा मिति ्२०७६ आषाढ १६ गते सम्मानित पाँचौ गाउँसभा समक्ष पेश गरि सकिएको छ ।

आ.व. ०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रमले समेटेको क्षेत्रको समुचित ढंगले सम्बोधन गरी खोटेहाङको दिगो विकास र समृदिका लागि देहायअनुसार क्षेत्रगत आधारमा  बजेट विनियोजन गरेको छु । विगत वर्ष झै कुल बजेटमा प्रतिशतका हिसाबले वडा कार्यालयहरुबाट वडा स्तरीय योजना तथा कार्यक्रम छनौट गरि सञ्चालन गर्नका लागि  दिइएको बजेट सिलिङ अनुसार वडाहरुले सिफारीस गरेका केहि शिर्षक मिलेका योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाको कार्यक्रम सँग जोडिएको र अन्यलाई  यथावत राखिएको छ । अब म क्षेत्रगत आधारमा योजना र बजेटको विवरण सार्वजनिक गर्न चाहान्छु ।

**पूर्वधार विकासः-** पूर्वधार विकास तर्फ देहाय अनुसार गरेको छु ।

**सडकः-** यस गाउँपालिका भित्र रहेका सडकहरुको स्तरोन्नती गरी यातायात को पहुँच वृद्धि गर्न र वस्ती टोल बाट आवश्यक्ता महशुस भएको क्षेत्रमा सडक  विस्तार लाई प्राथमिकतामा राखी  जस्का लागि रु,..एक करोड बिस लाख  बजेट विनियोजन गरेको छु । यसबाट ६ वटा सडक निर्माण र स्तरोन्नती गरिने छ ।

**भवन** :- यस गाउँपालिकाले सबै वडामा एकै डिजाइनका  वडा कार्यालय भवन बनाउने कार्यलाई निरन्तरता दिई यस आ.व. मा वडा नं १,६ र ८ लाई रु, ४० लाखका दरले रु एक करोड विस लाख विनियोजन गरेको छु ।

**खानेपानी  :-** खानेपानी  अभाव भएका बस्तीहरुमा शुद्ध खानेपानी  उपलब्ध गराउदै जाने नीति अनुरुप अति आबश्यक भएका ठाउँहरुमा खानेपानी  व्यवस्था गर्न रु, चौरहत्तर लाख एघार हजार पाँच सय बतिस विनियोजन गरेको छु ।यस ४ वटा योजना को निर्माण र मर्मत गरिने छ ।

**विद्युत** :- आ.व ०७६।०७७ को वार्षिक नीति र कार्यक्रमले अघि सारेको  उज्यालो खोटेहाङ कार्यक्रम अन्तर्गत विद्युतको पहुँच नपुगेका वडाका घरधुरीहरुमा केन्द्रिय विद्युत विस्तार का लागि रु, ७५ लाख विनियोजन गरेको छु । यस बाट वडा नं ३, २ र १ लाई प्रत्यक्ष लाभ पुग्ने विश्वास लिएको छु ।

**सामिाजिक विकास :-** यस गाउँपालिकाका सामाजिक क्षेत्रको पूर्वधार निर्माण र क्षमता विकास का लागि देहायको कार्यक्रम लाई प्राथमिक्तामा राखेको छु ।

**शिक्षा :-** शिक्षाको विकास नभई समाजको विकास सम्भव छैन, समाजको विकास नभई राष्ट्रको विकास हुन्न त्यसो भएको हुनाले शिक्षाको गुणस्तर वृद्धिका लागि देहायका कार्यक्रम बनाएको छु ।

जस अन्तर्गत २ वटा क्याम्पसको घेरावारा ,शिक्षण सिकाईलाई प्रविधिसँग जोडदै गुणस्तर वृद्धि गर्न टकिङ पेनको कार्यक्रम शैक्षिक गुणस्तर वृद्धिका लागि बा.बि.के. सहित सबै विद्यालयका विषयगत

शिक्षकहरुलाई क्षमता विकास तालिम सँञ्चालन र शैक्षिक सुधार कार्यक्रम गर्ने गरी बजेट को व्यवस्था मिलाएको छु ।

कक्षा ८ को परिक्षा व्यवस्थीत गर्नका लागि गत वर्ष झै रकम विनियोजन गरेको छु ।

**स्थास्थ्य** :- स्वास्थ्य क्षेत्रको विकासकालागि पनि विविध कार्यक्रम सञ्चालन गर्ने गरी बजेटको व्यवस्था मिलाएको छु ।

जस अन्तर्गतः- गाउँपालिका भित्रको औषधि व्यवस्थापनमा विशेष ध्यान दिएको छु ।स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन, आर्यूवेद औषधि खरिद तथा ढुवानि कार्यक्रम समेटेको छु ।।

वस्ती स्तरका नागरिकहरुलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यमा खटिने महिला स्वास्थ्य स्वयंसेविका दिदी बहिनिहरु को स्वयमसेवा को मुल्याङकन गदै प्रोत्साहन भत्ता मासिक रु १,००० का दरले पाउने व्यवस्था मिलाएको छु ।

खोटेहाङ गाउँपालिका भित्र रहेको एम्वुलेन्सलाई व्यवस्थीत ढंगले संञ्चालन गर्न व्यवस्था मिलाएको छु ।

२४ घण्टे सेवामा खटिने स्वास्थ्य कर्मिहरुलाई रात्रिकालिन सेवा भत्ता तथा जोखिम भत्तालाई निरन्तरता दिएको छु ।

एक्स-रे ल्याव संचालनका लागि बजेटको व्यवस्था गरेको छु ।

**सामाजिक समावेशि कार्यक्रम :-**

महिला ,दलित, बालबालिका ,जनजाति ,युवा तथा खेलकुद कार्यक्रम ज्येष्ठ नागरिक कार्यक्रमलाई निरन्तरता दिएको छु ।

ज्येष्ठ नागरिकहरुको सामाजिक भोगाइको अनुभवलाई एकक्रित गर्दै समाज विकासको मार्गदर्शनका रुपमा लिने गरी प्रत्येक वडामा एक एक वटा ज्येष्ठ नागरिक भेटघाट चौतारी निर्माण गर्ने व्यवस्था मिलाएको छु ।

**आर्थिक विकास** :- दिगो विकास र समृद्धि, खोटेहाङको मुल आधार भएकोले आर्थिक क्षेत्रको विकास हो भन्ने कुरामा दुई मत छैन । जनताको जिवनस्तर उकास्दै उत्पादनलाई राष्ट्रको विकासमा जोड्ने हाम्रो नीतीगत लक्ष्य लाई ध्यानमा राख्दै देहायका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

**कृषि तथा पशु विकास कार्यक्रम** :- कृषि क्षेत्रको लगानी लाई वृद्धि गरी जनताको पनि सहभागितामा व्यवसायिक खेति प्रणालिको विकास गरी अर्थतन्त्रको वृद्धि गर्न गत वर्ष थालिएका कार्यक्रमहरुलाई अझ परिस्कृत गर्दै नतिजामुखि बनाउन प्राविधिक ज्ञान उपलब्ध गराउदै कार्यक्रम संञ्चालनमा निरन्तरता दिने व्यवस्था मिलाएको छु । त्यस्तै पशुपालन व्यवसायलाई अझै वैज्ञानिक ढंगले संञ्चालन गर्नु पर्ने आवश्यत्ताको महशुस गर्दै पशुपालन व्यावसायीहरुको क्षमता विकास र प्राविधिक ज्ञान उपलब्ध गराउर्दै व्यवसायीहरुले समेत स्वयम लगानि गर्न प्रोत्साहित गर्ने उदेश्यले अनुदान दिने व्यवस्थालाई निरन्तरता दिने व्यवस्था गरेको छु ।

**वन विकास कार्यक्रमः-**

वन विकासको कार्यक्रमलाई जनताको जिवन स्तर सँग जोड्ने गरी कार्यक्रम संञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।वन व्यवस्थापनलाई दिगो वनाई भु-क्षय न्यूनिकरण गर्न सम्भावित भु-क्षय हुने स्थानको पहिचान गरी वृक्षारोपण गर्ने कार्यक्रम संञ्चालन गर्न सामुदायिक वन उपभोक्ता समूह र वन कार्यालय सँग समन्वय गरी वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

**पर्यटन विकास कार्यक्रमः-**

पर्यटन क्षेत्रको संम्भाव्यता पहिचान गरि आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने उद्देश्यले सो क्षेत्रमा इन्द्राणीपोखरी पर्यटन प्रवर्द्धन, सेल्मे कपासे भञ्ज्याङ पर्यटन प्रवर्द्धन, सोलढुगा पर्यटन प्रवर्द्धन, रामप्रसाद स्मृति पार्क, एलम्बर पार्क वाप्लुखा, पारुहाङ सुम्निमा पार्क निर्माण चिप्रिङ गरि रु एक करोड दश लाख विनियोजन गरेको छु ।

बहुक्षेत्रिय पोषण कार्यक्रम, सामि परियोजना र सहकारी लक्षीत कार्यक्रमलाई पनि निरन्तरता दिएको छु । यि कार्यक्रमहरुबाट पनि आर्थिक वृद्धि हुने अपेक्षा गरेको छु ।

खोटेहाङ गाउँपालिकाको गौरव झल्किने योजनाहरु को पहिचान गरि सो को सम्भाव्यता अध्ययन गरि सो को डि.पि.आर तयार गर्न रु चालिस लाख विनियोजन गरेको छु ।

**संस्थागत तथा सुशासन :-**

यस गाउँपालिकाले गत वर्ष जस्तै जनतालाई प्रदान गरिने सेवा प्रवाहलाई सरल,सहज र प्रभावकारी ढंगले सम्पादन गर्न विविध कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छु ।

पदाधिकारी तथा कर्मचारीहरुको तालिम र अवलोकन न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको क्षमता विकास, सार्वजनिक सुनुवाई, गाउँपालिकाको आवधिक योजना निर्माण, राष्ट्रिय दिवश समारोह, तेश्रो अध्यक्ष कप वार्षिक उत्सव, घुम्ती सेवा सञ्चालन बजार अनुगमन ,उत्कृष्ट कर्मचारी, शिक्षक, विद्यार्थी उपभोक्ता समिति लाई सम्मान पुरस्कार विभिन्न कानुन क्यालेण्डर नागरिक वडा पत्र छपाई दरवन्दि अध्ययन पदपूर्ति र परिक्षा सञ्चालन र वडा कार्यालय सञ्चालनलाई आवश्यक बजेट व्यवस्था गरी निरन्तरता दिएको छु ।

**सूचना र प्रविधि :-** सूचना तथा प्रविधिको विकास सँगै एउटै छातामुनि विश्वका गतिविधि सञ्चालित भइ रहेको अवस्थामा हाम्रो जस्तो अल्प विकसीत मुलुकका दुर्गममा रहेका ग्रामिण गाउँ वस्ती अझै प्रविधि प्रयोगमा पुगिसकेका छैनन् तथा हाम्रो सानो प्रयासले सूचना र प्रविधिको प्रयोग लाई व्यवस्थित गर्न इ-हाजिरी, डिजिटल नोटिस वोंड यस आ.व.बाट शुरु गर्ने व्यवस्था मिलाएको छु । गाउँपालिका र वडा कार्यालय सम्म इन्टरनेट को सुविधा सुदृढिकरण गर्न वजेटको व्यवस्था गरेको छु ।

गाउँपालिकाको वृत चित्र र पालिका गान बनाउन बजेटको व्यवस्था गरेको छु ।

उल्लेखित बजेटलाई आपसि समन्वयमा आधारित भएर स्वीकृत नीति तथा कार्यक्रम अनुसार कार्यान्वयन गर्न हामि सबैको उल्लेख्य सहभागिता आवश्यक पर्ने व्यहोरा अनुरोध गर्दछु । हरेक योजना र कार्यक्रम कार्यान्वयन गनु हाम्रो जिम्मेवारी र कर्तव्य हो । वडा सहितको बजेटलाई विस्तृत रुपमा अनुसुचिमा सुचिवद्ध गरिएको व्यहोरा जाहेर गर्दै विदा चाहान्छु ।

**....धन्यवाद.....**